## नेपाल लघुवित्त बैङ्कर्स संघ

# प्रेस विज्ञप्ती

नेपाल लघुवित्त बैङ्कर्स संघको उन्नाईसौं साधारण सभा मिति २०८३ बैशाख २८ गते होटल एभरेष्ट, काठमाडौंमा सम्पन्न भएको छ । प्रमुख अतिथि, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक श्री नरेश शाक्यबाट उद्घाटन भएको उक्त सभामा सेन्टर फर माइक्रोफाइनान्सका अध्यक्ष डा. रेवत बहादुर कार्की, नेपाल लघुवित्त बैङ्कर्स संघका पूर्व अध्यक्षहरु श्री बिष्णु प्रसाद पाठक, श्री रामचन्द्र जोशी, श्री बसन्त राज लम्साल र श्री प्रकाश राज शर्मा तथा बैंक तथा वित्तीय संस्था परिसंघका श्री रोशन कोईराला र नेपाल चेम्बर अफ कमर्सका टिका राम शर्माबाट शुभकामना मन्तव्य व्यक्त भएको थियो ।

प्रमुख अतिथि, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक श्री नरेश शाक्यले लघुवित्त संस्थाहरुको २०८२ असार मसान्त सम्ममा धेरै संस्थाहरुले व्यवसायमा क्रमशः सुधार गर्दै लगेको देखिएको बताउनु भयो । उहाँले लघुवित्त क्षेत्रबाट आएका मागहरु सम्बन्धमा संघसंग छलफल गरि अघि बढ्न् बिचार व्यक्त गर्नु भयो । गरीवि न्यूनिकरण तथा महिला सशक्तिकरण लगायत ग्रामीण अर्थतन्त्रको विकासमा लघुवित्त क्षेत्रको ठूलो योगदान रहेको र यस क्षेत्रमा देखा परेका समस्या समाधानका लागि नेपाल राष्ट्र बैंक तथा उहाँ पनि व्यक्तिगत रुपमा सकारात्मक रहेको विचार राख्दै संघको नयाँ कार्यसमितिको चयनको लागि शुभकामना समेत दिनुभयो ।

संघका अध्यक्ष श्री राम बहादुर यादवको अध्यक्षतामा सञ्चालन भएको सभाको वन्द सत्रले आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन तथा लेखा परीक्षण प्रतिवेदन र २०८१/८२ को वार्षिक कार्यक्रम तथा बजेट पारित गर्यो ।

सभाले आगामी दुई वर्षका लागि निम्न पदाधिकारीहरु सम्मिलित संघको नयाँ कार्यसमितिको निर्विरोध रुपमा चयन गर्यो ।

| क्र सं | नाम | पद | संस्थाको नाम |
|---|---|---|---|
| १. | श्री राम बहादुर यादव | अध्यक्ष | नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. |
| २. | श्री दिपक निधि तिवारी | उपाध्यक्ष | छिमेक लघुवित्त वित्तीय संस्था लि. |
| ३. | श्री संजय कुमार मण्डल | महासचिव | जीवन विकास लघुवित्त वित्तीय संस्था लि. |
| ४. | श्री विनोद आचार्य | कोषाध्यक्ष | हिमालयन लघुवित्त वित्तीय संस्था लि. |
| ५. | श्री शिव प्रसाद ज्ञवाली | सचिव | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि. |
| ६. | श्री बद्री प्रसाद दुलाल | सदस्य | आशा लघुवित्त वित्तीय संस्था लि. |
| ७. | श्री सौगत वीर चौधरी | सदस्य | आत्मनिभर लघुवित्त वित्तीय संस्था लि. |
| ८. | श्री शारदा खत्री | सदस्य | उपकार लघुवित्त वित्तीय संस्था लि. |
| ९. | श्री हरि कृष्ण जोशी | सदस्य | ग्लोबल आइएमबि लघुवित्त वित्तीय संस्था लि. |
| १०. | श्री सरोज कुमार सिंह | सदस्य | महुली लघुवित्त वित्तीय संस्था लि. |
| ११. | श्री दिलिप कुमार पोखरेल | सदस्य | सामुदायिक लघुवित्त वित्तीय संस्था लि. |

नेपाल लघुवित्त बैङ्कर्स संघ छाता संगठनका रुपमा २०६३ सालदेखि लघुवित्त क्षेत्रको हकहीतका लागि सक्रिय रहँदै आएको छ र विद्यमान ५१ मध्ये ४७ वटा लघुवित्त संस्थाहरु यसका सदस्य छन् ।

२०८३/०१/२८
काठमाडौं